# मालारानी राजपत्र

**मालारानी गाउँपालिका, अर्घाखाँचीद्धारा प्रकाशित**

**खण्ड-४, मालारानी गाउँपालिका, मितिः २०७८/०६/०६ संख्या : ८**


## भाग २

## मालारानी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, खनदह, अर्घाखाँची

# मालारानी गाउँपालिकाको ट्याक्टर संचालन सम्बन्धी कार्यविधि २०७८

प्रमाणीकरण मिति : २०७८।०६।०५

**पृष्ठभूमि :** मालारानी गाउँपालिकाले विकास निर्माणको कार्य, फोहोरमैला व्यवस्थापनमा सहयोग पुऱ्याउनुका साथै आन्तरिक आयलाई प्रबर्द्धन गर्ने उद्देश्यका साथ ट्याक्टर खरिद गरिसकेको अवस्थामा यसको संचालन र व्यवस्थापन कार्यका लागि ट्याक्टर संचालन सम्बन्धी कार्यविधि आवश्यक परेको हुनाले स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरि यो ट्याक्टर संचालन कार्यविधि, २०७८ स्वीकृत गरी लागू गरिएको छ ।

**१ संक्षिप्त नाम र प्रारम्भः**

**क) यस कार्यविधिको नाम :** ट्याक्टर संचालन कार्यविधि, २०७८ रहने छ।

ख) यो कार्यविधि गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत भई प्रमाणीकरण भएको मिति देखि लागू हुनेछ।

२. ट्याक्टर संचालनको लागि देहायको दर रेट कायम गरि संचालन गर्ने मालारानी गाउँ कार्यपालिकाको कार्यालयवाट उपभोक्ता समिति/निर्माण व्यवसायी मार्फत संचालन हुने विकास निर्माणका कार्यहरूमा ढुवानी तथा कृषकहरुको खेतवारी जोत्ने प्रयोजनको लागि समेत देहाय बमोजिम दरमा संचालन गर्न सकिने छ।

क) उपभोक्ता समिति र निर्माण व्यवसायीहरुलाई विकास निर्माणसंग सम्बन्धित कार्यमा ढुवानीको प्रयोजनको लागि देहाय बमोजिमको दररेट कायम गरि ट्याक्टर भाडामा उपलब्ध गराउन सकिनेछ।

प्रति दिन ८ घण्टाको ३५००। (अक्षररुपी पैतिस सय मात्र) को दरले

**ख) निजी व्यक्तिको लागि :** कुनै व्यक्तिलाई कुनैपनि सामाग्री ढुवानीको लागी देहायको दररेटमा ट्याक्टर भाडामा

प्रति दिन ८ घण्टाको ३५००। (अक्षररुपी पैतिस सय मात्र) को दरले

**ग) कृषकको लागिः** कुनै कृषकले खेतावारी खनजोत प्रयोजनको लागि ट्याक्टर भाडामा दिँदा देहायको दररेटमा उपलब्ध गराउन सकिनेछ :

प्रति घण्टाको १०००। (अक्षररुपी एक हजार मात्र) को दरले

घ) गाउँपालिका भित्रका कृषक तथा लघु उद्यमिहरुले उत्पादन गरोका कुनै बस्तु तथा सामाग्री गाउँपालिकाको केशेली घरसम्म ढुवानीको लागि कुनै शुल्क लाग्ने छैन।

ङ) मालारानी गाउँपालिका भित्रका विभिन्न सडकहरुमा वर्षा यामको समयमा बनेका खाल्डाहरुको फिलिङ तथा सोको व्यवस्थापनको कार्य र विपद्जन्य अवस्थामा गाउँपालिकाको सम्बन्धित बजेट शिर्षक बाट खर्चको व्यवस्थापन हुने गरी गरिनेछ।

**३. ट्याक्टर भाडामा दिन सकिने सम्बन्धी प्रकृया**

क) मालारानी गाउँपालिकामा रहेको ट्याक्टर भाडामा लिन चाहने कुनै पनि व्यक्ति तथा संस्थाले देहायको प्रकृया पुरा गरि ट्याक्टर भाडामा लैजान सक्नेछ :

- सम्बन्धित व्यक्ति तथा संस्थाले मालारानी गाउँकार्यपालिकाको कार्यालयमा

निवेदन दिनुपर्नेछ

- गाउँपालिकाको राजश्व शाखामा तोकिएको भाडादर अनुसारको शुल्क तिरेको रसिद पेश गर्नुपर्नेछ ।

## ४. ट्याक्टर संचालन कोषको व्यवस्थापन

क) भाडामा ट्याक्टर संचालन वापत प्राप्त भएको आम्दानी रकमलाई गाउँपालिकाको आन्तरीक आम्दानी कोषमा दाखिला गरि उक्त आम्दानी रकमको छुट्टै लेखा राख्नुपर्नेछ ।

## ५. ट्याक्टरको मर्मत संभार

क) मालारानी गाउँपालिकाको ट्याक्टर कुनै व्यक्ति वा संस्थाले भाडामा लगेको अवस्थामा विग्रीएमा वा मर्मत सम्भार गर्नुपर्ने भएमा सोको मर्मत संभार गर्नुपर्ने दायित्व गाउँपालिकाको रहनेछ ।

ख) ट्याक्टरको मर्मत सम्भार वापतको खर्च मालारानी गाउँपालिकाको सवारी मर्मत संभार खर्च शिर्षकबाट बेहोरीनुपर्नेछ ।

## ६. ट्याक्टर संचालन समिति

क) ट्याक्टर संचालन व्यवस्थापन र सोको अनुगमन गर्न देहायका पदाधिकारीहरु रहेको ट्याक्टर संचालन व्यवस्थापन तथा अनुगमन समिति रहनेछ

१. अध्यक्षः गाउँपालिका प्रमुख

२. सदस्यः अध्यक्षले मनोनित गरेको एक जना कार्यपालिकाको महिला सदस्य

३. सदस्यः अध्यक्षले मनोनित गरेको वडा अध्यक्षहरुमध्येवाट एक जना

४. सदस्यः प्रमुख प्रशासकीय अधिकृत

५. सदस्य सचिवः प्रशासन शाखा प्रमुख

ख) ट्याक्टर संचालन समिति ले आफ्नो कार्यसंचालन कार्यविधि आफै तय गर्न सक्नेछ ।

## ७. भाडादर संशोधन सम्बन्धी व्यवस्थाः

क) मालारानी गाउँपालिकाको ट्याक्टर भाडामा लगाईएको भाडादरमा संशोधन गर्नुपर्ने भएका ट्याक्टर संचालन समितिले संशोधित भाडादर कायम गरी गाउँकार्यपालिकाको बैठकमा पेश गर्ने र सो भाडादर कार्यपालिकाके बैठकबाट स्विकृत भएमा शंशोधित भाडादर लागु गर्न सकिनेछ ।

## ८. ट्याक्टर चालक नियुक्ति सम्बन्धी व्यवस्थाः

क) देहायको योग्यता पुगेको व्यक्तिलाई ट्याक्टर चालकको रुपमा सेवा करारमा प्रतिस्पर्धाको आधारमा छनौट गरी नियुक्त गरिनेछ ।

१. रितपुर्वक ट्याक्टर चालक अनुमति पत्र लिएको

२. ट्याक्टर चालकको रुपमा न्युनतम ३ वर्षको अनुभव भएको

३. कम्तिमा २० वर्ष उमेर पुरा भई ५० वर्ष ननाघेको

४. साधारण लेखपढ गर्न जानेको

**९. ट्याक्टर चालकको मासिक तलव भत्ता सम्बन्धी व्यवस्थाः**

क) ट्याक्टर चालकको मासिक तलव ट्याक्टर संचालन समितिले निर्धारण गरेवमोजिम हुनेछ ।

ख) ट्याक्टर चालकले उपनियम (क) बमोजिम पाउने तलव बाहेक काममा खटिएको दिन प्रति दिन रु ३५० र खनजोतको कार्यमा खटिदा प्रति घण्टा रु ५० का दरले थप भत्ता उपलब्ध गराईनेछ ।

**१०. अवकाश दिन सकिनेः**

क) आफ्नो पदको जिम्मेवारी पुरा नगरेको अवस्थामा ट्याक्टर चालकलाई ट्याक्टर संचालन समितिको निर्णयबाट जुनसुकै वखत पदबाट हटाउन सकिनेछ ।

**११. ट्याक्टर चालकको आचार संहिता**

क) ट्याक्टर संचालन कार्यविधि २०७८ को पूर्ण रुपमा परिपालना गर्नुपर्नेछ ।

ख) आफ्नो पेशागत भुमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनियतालाई कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न पाईने छैन ।

ग) मादक पदार्थ सेवन गरि टयाक्टर चलाउन पाईने छैन ।

घ) प्रचलित कानुनको पालना गर्नुपर्नेछ ।

**१२. विविधः**

क) ट्याक्टर संचालनको प्रक्रियामा कुनै बाधा, द्विविधा उत्पन्न भएमा सोको सहजिकरणक ट्याक्टर संचालन समितिले गर्नेछ ।

आज्ञाले<br>
रमेश पन्थी<br>
प्रमुख प्रशासकिय अधिकृत